जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १७५ • २०८३ साल मंसिर १२ गते शनिबार (28 November, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

मधेश प्रदेशमा पनि विशेषज्ञ चिकित्सक खटाइयो



टुडे समाचारदाता

जनकपुरधाम। एमडी, एमएस र एमडिएस उत्तीर्ण गरेका ८३८ जना विशेषज्ञ चिकित्सकलाई मधेश प्रदेशसहित सातै प्रदेशमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले खटाएको जनाएको छ। यससँगै विशेषज्ञ उपचारका लागि काठमाण्डु तथा ठूला सहर धाउनुपर्ने बाध्यता क्रमशः घट्दै जाने मन्त्रालयको बुझाइ छ।

मन्त्रालयको विवरणअनुसार बागमती प्रदेशमा सबैभन्दा बढी २०८, कोशीमा १५४, लुम्बिनीमा १३३ र गण्डकीमा १२९ जना विशेषज्ञ चिकित्सक खटाइएका छन्। त्यसैगरी मधेश प्रदेशमा ८६, सुदूरपश्चिममा ७६ र कर्णालीमा ५२ जना चिकित्सक खटाइएका छन्।

खटाइएकामध्ये ५११ जना चिकित्सक प्रदेश स्वास्थ्य मन्त्रालयमा खटिएका छन् भने बाँकी ३२७ जना संघीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा खटाइएका छन् । संघीय सरकारबाट प्रदेशमा खटाइएका चिकित्सकलाई प्रदेश सरकारले आफ्नो आवश्यकता,प्राथमिकता र कार्यक्षेत्रअनुसार स्थानीय तहका स्वास्थ्य संस्थामा परिचालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन सक्ने व्यवस्था छ।

यसबाट एनेस्थेसिया, स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी, हाडजोर्नी, मेडिसिन, आकस्मिक सेवा, आँखा, बाल रोग, दन्त तथा मानसिक स्वास्थ्यलगायतका सेवा सुदृढ भई सुरक्षित सुत्केरी सेवा, शल्यक्रिया तथा आकस्मिक उपचारमा महत्वपूर्ण सहयोग पुग्नेमा मन्त्रालयले विश्वास लिएको छ।

मधेशमा राजनीतिक अस्थिरता कायमै

जसपा नेतृत्वको सरकारलाई अझै पनि जुटने दलहरूको समर्थन

किरण कर्ण

जनकपुरधाम । मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्त भएको छ दिन बितिसक्दा पनि नयाँ सरकारको राजनीतिक भविष्य अन्योलमै छ । दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका सरोजकुमार यादवले सर्वपक्षीय सरकार गठन गर्ने दाबी गरे पनि अहिलेसम्म कुनै पनि दलले उनको सरकारलाई सार्वजनिक रूपमा समर्थन जनाएका छैनन् । यसले मुख्यमन्त्रीले विश्वासको मत पाउने सम्भावनासमेत कमजोर देखिएको छ।

मुख्यमन्त्री यादवले नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र जनमत पार्टीसँग सकारात्मक छलफल भइरहेको दाबी गर्दै आएका छन् । तर सत्तारुढ जनता समाजवादी पार्टी (जसपा) नेपालभित्रै मुख्यमन्त्रीलाई लिएर विवाद देखिएको छ भने अन्य दलहरू पनि सरकारमा सहभागी हुने विषयमा स्पष्ट निर्णयमा पुग्न सकेका छैनन्।

वर्तमान सरकार गठनको विषयलाई लिएर नेपाली कांग्रेसभित्र समेत मतभेद देखिएको छ । निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादवले कांग्रेस, एमाले र नेकपाको गठबन्धनलाई पुनः निरन्तरता दिँदै तीन दलीय सरकार गठन गर्ने प्रयास गरेका थिए।

यी तीन दलसँग सरकार गठनका लागि आवश्यक बहुमत प्रदेशसभा सदस्य रहे पनि प्रदेश प्रमुखको कार्यालयले दिएको समयसीमाभित्र सरकार गठन गर्न उनीहरू असफल भएका थिए। त्यसपछि समय थप गर्न माग गर्दै निवेदनसमेत दिएका थिए। तर संविधानअनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतमा जसपा नेपालले मुख्यमन्त्रीमा दाबी गरेपछि तीन दलीय गठबन्धनको प्रयास सफल हुन सकेन।

यता कांग्रेस मधेश प्रदेशका उपसभापति वीरेन्द्रकुमार सिंहले भने सरकारमा सहभागी हुने विषयमा पार्टीभित्र र संसदीय दलमा अहिलेसम्म कुनै औपचारिक छलफल नभएको बताएका छन्।



उनले जनाए अनुसार कांग्रेसले कसको नेतृत्वमा सरकारमा जाने, आफ्नै नेतृत्वमा सरकार गठन गर्ने वा अन्य दललाई समर्थन गर्ने भन्ने विषयमा निर्णय गरिसकेको छैन। यसबारे केही दिनभित्र संसदीय दलको बैठक बसेर आवश्यक निर्णय गरिने उनले बताए।

जसपा नेपालसँगै अग्रगामी मोर्चामा आबद्ध रहेका जनमत पार्टीले पनि मुख्यमन्त्री सरोकुमार यादवलाई अहिलेसम्म समर्थन गरिसकेको छैन । स्रोतका अनुसार मन्त्रालय बाँडफाँटबारे छलफल जारी रहे पनि जनमत पार्टीले चाहेको मन्त्रालय पाउने सम्भावना तत्कालका लागि न्यून देखिएको छ।

मन्त्रालयको बाँडफाँट र सत्ता साझेदारीमा सहमति जुट्न नसक्दा मुख्यमन्त्री यादवलाई विश्वासको मत प्राप्त गर्न थप चुनौती देखिएको छ। सर्वपक्षीय सरकार गठनको प्रतिबद्धता जनाए पनि त्यसलाई व्यवहारमा उतार्न उनले अझै राजनीतिक सहमति जुटाउनुपर्ने देखिन्छ।

उच्चस्तरीय स्रोतका अनुसार जसपा नेपाल नेतृत्वको वर्तमान सरकारलाई विस्थापित गरी पुनः कांग्रेस, एमाले र नेकपाको गठबन्धनमा सरकार गठन गर्ने प्रयास शुरु भएको छ।

स्रोतको दाबी अनुसार सम्भावित सहमतिमा एमाले र नेकपाले तीन/तीन महिना तथा कांग्रेसले पाँच महिना सरकारको नेतृत्व गर्ने गरी प्याकेजमा सहमति जुटाउने प्रयास भइरहेको छ। यद्यपि यसबारे सम्बन्धित दलहरूले औपचारिक रूपमा कुनै निर्णय सार्वजनिक गरेका छैनन्।

निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव पनि वर्तमान सरकारलाई निरन्तरता दिनुभन्दा पुरानै तीन दलीय गठबन्धन ब्युँताउने पक्षमा देखिएका छन्। तर कांग्रेसभित्रै सरकारको नेतृत्व र सहभागिताबारे स्पष्ट सहमति नबन्दा गठबन्धनको सम्भावना पनि निश्चित भइसकेको छैन।

अस्थिरताले संघीयतामाथि प्रश्न

मुख्यमन्त्री यादवले विश्वासको मत प्राप्त गर्न नसके संविधानको धारा १६८ को उपधारा (५) अनुसार प्रदेशसभाका कुनै सदस्यले बहुमत जुटाउन सक्ने आधार प्रस्तुत गर्दै मुख्यमन्त्रीमा दाबी गर्न सक्ने संवैधानिक व्यवस्था छ। यदी यस्तो अवस्था आएमा दलभन्दा व्यक्ति केन्द्रित सरकार गठनको प्रक्रिया अघि बढ्न सक्नेछ।

कांग्रेसका उपसभापति सिंहका अनुसार अहिलेको राजनीतिक अन्योलले दलहरूलाई नै गम्भीर संकटमा पार्न सक्छ। सरकार गठन र विघटनको निरन्तर खेलले प्रदेशमा थप अराजकता निम्त्याउने खतरा रहेको उनको भनाइ छ।

राजनीतिक विश्लेषकहरू पनि सरकार निर्माण र नेतृत्व परिवर्तनको निरन्तर प्रतिस्पर्धाले मधेश प्रदेशमा राजनीतिक अस्थिरता बढाउने र त्यसले संघीय व्यवस्थामाथि नै प्रश्न उठ्न सक्ने बताउँछन्।

मधेश प्रदेशमा पाँच वर्षे कार्यकालभित्रै यसअघि पाँच मुख्यमन्त्री परिवर्तन भइसकेका छन्। अहिले सरोजकुमार यादव छैटौं मुख्यमन्त्रीका रूपमा नियुक्त भएका छन्। तर उनको सरकारले निरन्तरता पाउने वा पुनः सत्ता समीकरण परिवर्तन हुने भन्ने अझै निश्चित छैन।

प्रदेशमा पटक-पटक सरकार परिवर्तन हुने प्रवृत्तिले विकास निर्माण, सुशासन र जनताको अपेक्षामा प्रत्यक्ष असर पार्ने देखिन्छ।

श्रमिक ठगी प्रकरणको अनुसन्धान विस्तार, दुई महिनादेखि मलेसियाको रोजगारी ठप्प



टुडे समाचारदाता

जनकपुरधाम । मलेसिया जाने नेपाली श्रमिकबाट अतिरिक्त बायोमेडिकल सेवा शुल्क असुली गरी रकम गैरकानुनी रूपमा विदेश पठाएको आरोपमा भइरहेको अनुसन्धान थप फराकिलो बनेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले दुई पूर्वमन्त्रीसहित यसअघि १० जनालाई पक्राउ गरिसकेकोमा पूर्वमुख्यसचिव एकनारायण अर्याललाई समेत नियन्त्रणमा लिएको छ । यस प्रकरणको अनुसन्धानका कारण मेडिकल स्क्रिनिङ रोकिएपछि दुई महिनादेखि नेपाली श्रमिक मलेसिया जान पाएका छैनन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिव हुँदा गरेको निर्णयका आधारमा अर्याल पक्राउ परेका हुन् । अवैध रूपमा संकलित रकम मलेसिया पठाउने निर्णय प्रक्रियामा संलग्न रहेको र आर्थिक लाभ लिने तथा दिलाउने कार्यमा भूमिका रहेको आरोपमा उनलाई विराटनगरस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको सीआईबीले जनाएको छ।

यसअघि प्रहरीले पूर्वश्रममन्त्री शेरबहादुर कुँवर र रामेश्वर राय यादव, पूर्वसचिव विनोद केसी, तत्कालीन रोजगार व्यवस्थापन महाशाखा प्रमुख उमेश ढुंगाना र राजीव पोखरेल, पूर्वकानुन अधिकृत निर्मला गुरुङ तथा चार व्यवसायीलाई पक्राउ गरेको थियो। म्याक्रोटेकका सञ्चालकमध्ये एक कैलाश खड्का पनि पक्राउ परिसकेका छन्।

सीआईबीले नेपाल र मलेसियाबीच भएको श्रम समझदारी तथा कानुनी प्रक्रिया मिचेर विदेशी मुद्रा अपचलन गरेको, संगठित समूहको लाभका लागि श्रमिकबाट अतिरिक्त रकम असुलेको र त्यसविरुद्ध कानुनी उपचार नगरेको आरोपमा अनुसन्धान गरिरहेको छ।

विवादको पृष्ठभूमि सन् २०१५ देखि सुरु भएको हो। मलेसियाले नेपालसहित १२ श्रमिक स्रोत मुलुकमा मेडिकल स्क्रिनिङका लागि प्रतिव्यक्ति एक सय रिंगेट शुल्क तोकेको थियो । तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले २०७५ जेठ ३ मा श्रमिकमाथि आर्थिक भार पर्ने भन्दै माइग्राम्स, स्वास्थ्य परीक्षण, ओएससी, भीएलएन र जीएसजीसम्बन्धी शुल्क खारेज गरेपछि मलेसियाको रोजगारी १९ महिनासम्म बन्द भएको थियो।

त्यसपछि नेपाल र मलेसियाबीच श्रम समझदारी कार्यान्वयनका लागि संयुक्त कार्य समूह (जेडब्लूजी) गठन भयो। २०७५ कात्तिक १२ मा बसेको पहिलो बैठकले मेडिकल स्क्रिनिङअन्तर्गत बायोमेडिकल सेवा शुल्क लिने नीतिगत निर्णय गरेको थियो। त्यसअनुसार श्रमिकले एक सय रिंगेट बायोमेडिकल शुल्क र एक सय ६० रिंगेट स्वास्थ्य परीक्षण शुल्क गरी कुल दुई सय ६० रिंगेट तिर्नुपर्ने व्यवस्था भयो। यो रकम मलेसिया पुगेपछि पहिलो महिनाको तलबमार्फत रोजगारदाताले श्रमिकलाई शोधभर्ना गर्ने सहमति थियो।

सन् २०१९ सेप्टेम्बरदेखि २०२४ मार्चसम्म मलेसिया जाने श्रमिकबाट बायोमेडिकल शुल्क संकलन गर्ने जिम्मेवारी मलेसियाको बेस्टिनेटको नेपाली प्रतिनिधि म्याक्रोटेक प्रालिले पाएको थियो । सीआईबीका अनुसार २०७६ साउन १ देखि हालसम्म उक्त कम्पनीमार्फत एक अर्ब ६९ करोड रुपैयाँ विदेश पठाइएको छ । यस प्रक्रियामा गैरकानुनी रूपमा रकम संकलन र विदेश पठाइएको प्रहरीको आरोप छ।

तर म्याक्रोटेकले भने दुई देशबीचको समझदारीअनुसार राष्ट्र बैंकमार्फत रकम भुक्तानी गरिएको दाबी गरेको छ । कम्पनीका कानुनी सल्लाहकार मानबहादुर खड्काका अनुसार सेवा शुल्क संकलन गर्न आन्तरिक राजस्व कार्यालयको अनुमति लिइएको थियो। मलेसिया रकम पठाउँदा दूतावास, श्रम मन्त्रालय र राष्ट्र बैंकको सिफारिस तथा अनुमति लिइएको उनको भनाइ छ। कम्पनीले करबापत राज्यकोषमा ५९ करोड ६४ लाख रुपैयाँ जम्मा गरेको र स्वास्थ्य संस्थालाई प्राविधिक सहयोग उपलब्ध गराएको दाबी गरेको छ।

सीआईबीको मुख्य प्रश्न भने श्रम समझदारीमा बायोमेडिकल सेवा शुल्क लिने स्पष्ट व्यवस्था नभएको विषय हो । प्रहरीका अनुसार समझदारी संशोधन गर्नुपर्ने भए संयुक्त कार्यदलबाट निर्णय हुनुपर्नेमा त्यस्तो प्रक्रिया पूरा नगरी अतिरिक्त शुल्क लिन थालिएको थियो।

यता पूर्वमहान्यायाधिवक्ता रमेश बडाललले भने अनुसन्धानमाथि प्रश्न उठाएका छन्। उनका अनुसार श्रम समझदारी, जेडब्लूजीका पहिलो र दोस्रो बैठकका निर्णय तथा मलेसियाली दूतावासका पत्र अध्ययन नगरी पक्राउ गरिएको छ । यो विषय दुई देशबीचको श्रम सम्झौता कार्यान्वयनसँग सम्बन्धित भएकाले कसुर स्थापित नहुने उनको तर्क छ।

स्वास्थ्य परीक्षण गर्ने संस्थाको छनोट प्रक्रिया पनि अनुसन्धानको दायरामा परेको छ। मलेसियाले सुरुमा ३९ स्वास्थ्य संस्थालाई बायोमेडिकल प्रणालीमा आबद्ध गरेको थियो। पछि तीन संस्था बन्द भएपछि ३६ संस्थाले सेवा दिँदै आएका थिए। नेपालले थप ८६ संस्थालाई समेट्न प्रस्ताव गरे पनि मलेसियाले तत्कालका लागि ३६ संस्था पर्याप्त रहेको जनाएको थियो।

यसैबीच राष्ट्र बैंकका कर्मचारीको भूमिकाबारे पनि सीआईबीले अनुसन्धान गरिरहेको छ । रकम विदेश पठाउँदा प्रयोग भएका पत्र र तोक आदेशका विवरणसमेत खोजिएको छ। केही पत्र हराएको भनिएकाले त्यसबारे पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मलेसियाले सन् २०२४ मार्चदेखि बायोमेडिकल शुल्क श्रमिकबाट लिन बन्द गरेको थियो। त्यसयता नेपालमा सूचीकृत ३६ स्वास्थ्य संस्थाले सरकारद्वारा निर्धारित ६ हजार पाँच सय रुपैयाँमा स्वास्थ्य परीक्षण गर्दै आएका छन्। तर अहिले पुरानो शुल्क संकलन र रकम विदेश पठाउने प्रक्रियामाथि अनुसन्धान अघि बढेपछि मेडिकल स्क्रिनिङ रोकिएको छ। त्यसको प्रत्यक्ष असर नेपाली श्रमिकको वैदेशिक रोजगारीमा परेको छ।



जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। जीवन ।।

डाँफे जस्तो छरङ्गीन जीवन
खुसीको सात रंगले भरौ
फुल जस्तो सुवास भरिएको मन
शिक्षाको ज्ञानको ज्योति जलाउ
पढी लिखी जीवनलाई सजाउन खोजौं
आफ्नो सुन्दर भविष्य बनाउन खोजौं।
जो गर्छौं यदि जीवनमा गल्ती,
फेरि जीवन फर्केर आउँदैनन्।
आफ्ना कुरालाई मनमै दबाएर नराखौं,
आफ्नो जीवन निराश नबनाऔं।
फूल जस्तै जीवन छ हाम्रो,
यसलाई काँडा काँडैले नभरौ।।



नाम :रचनाकुमारी शाह
कक्षा: ८
विद्यालय : श्री मदन आश्रित आधारभूत विद्यालय सबैला ०१

।। आमा ।।

आमा मेरी ममताकी खानी,
उहाँ नै मेरो संस्कारकी रानी।
आमाको माया अमृतसरह,
उहाँको साथ फूलको सुवाससरह।।
आमाको माया कति प्यारो,
आमाको मन कति राम्रो।
सानो हुँदा काखमा राख्यौ,
मिठा-मिठा कुरा सुनायौ।
आमाले मलाई पढाउनुभयो,
राम्रो कुरा सिकाउनुभयो।
आमाको बोली मिठो लाग्छ,
आमाको माया अनमोल लाग्छ।
आमाको सपना पूरा गर्नेछु,
मेहनत गरी नाम कमाउनेछु।
आमा तपाईं मेरो जीवनको शान
सधैँ गर्छु तपाईंको सम्मान।



नाम: निर्मला कुमारी साह
कक्षा: ८
विद्यालय : श्री मदन आश्रित आधारभूत विद्यालय सबैला ०१

।। प्रितको बिमारी ।।

हो साँच्चै प्रेम गरेसि थाँहा हुन्छ !
कि प्रेमजालमा परेसि थाँहा हुन्छ !!

टाढा टाढा भाग्ने मन पनि अचेल !
नजिक नजिक सरेसि थाँहा हुन्छ !!

मार्छु भन्छन अरे हाँसेर तिम्रै लागि !
ज्यान दिन गाह्रो मरेसि थाँहा हुन्छ !!

सागर सरि गहिरो हुन्छ प्रित गंगा !
नभए सँगै साथ तरेसि थाँहा हुन्छ !!

अचम्मैको हुन्छ यो प्रितको बिमारि !
सत्य दिलमा नाम भरेसि थाँहा हुन्छ !!



सुनिल कुमार मंडल
श्री उ. मा. बि. प्रितपुर पर्वता ५ धनुषा
हाल धनुषाधाम न. पा ५ पर्वता धनुषा

।। दाइजो प्रथा अन्त्य गरौ ।।

दाइजो होइन, शिक्षा देऊ,
छोरीलाई सम्मान देऊ।
लोभ र लालच त्याग गरौं,
दाइजो प्रथा अन्त्य गरौं।
छोरी पनि सन्तान हुन्,
देशका उज्याला पहिचान हुन्।
बेचबिखनको वस्तु होइन,
उनी समाजका शान हुन्।
मायाले घर बसालौं,
सम्मानले नाता जोडौं।
दाइजो माग्ने सोच बदलौं,
समानताको बाटो रोजौं।
आऔं सबै हातेमालो गरौं,
नयाँ समाज निर्माण गरौं।
दाइजोमुक्त नेपाल बनाऔं,
सुखी र समुन्नत देश सजाऔं।



लेखक : शिवानी ठाकुर
कक्षा : ५
स्थान : क्षि. न. पा : ६ सखुवा बजार

।। फुलको वासना ।।

फुलको वासनामा रमाउने म
फुलकै जस्तो फुल्ने म।
फुलको फुलबारीमा फुल फुलाइनछ
फुलको फुलबारी जसतै मन रमाइनछ।
डाँडाको देउरालीबाट फुल ल्याउन गारौ
मनको देउरालीबाट फुल ल्याउन सजिलो।।



लेखक : पुजा कुमारी पंडित
घर : जनकनन्दिनी गाउँपालिका - ४ खजुरी

।। दोबाटो ।।

कमाउने होडबाजि सबैलाइ छ गन्तब्य कसैलाई थाह छैन कोहि
पढाइमा तल्लिन्छ कोहि ब्यापारमा मग्न छ
गन्तब्य कसैलाई थाहा छैन पढिलेखि पनि कमाउने नै होडबाजि
मजदुरि ब्यापारि गरेर पनि कमाउने नै होडबाजि
राजनैतिक व्यापार त अपार
वडा देखि सभा ओग्टने सरोकार
जनता भोट दिदै पँचवर्षिय लागि खाडिमा फरार हुँदै
बुढापाका देसको उभो लगाउन तर्क विचार विमर्श गर्दै
आँउदो चुनाव को लागि नँया नेता रोज्दै
देस बन्नेनैछ तर पहिले आ आफ्नो घर लाइ स्वर्णिम आनन्दमय
बनाउने तर्फ लाग्नु वेश
पुँजि लगानि को खेल हो सब कोहि लगन मा छ कोहि मगनमा
छ महिनत को फल मिठो हुन्छ कर्म गर्दै जौ मर्म बुझ्दै जौ घाटा
नाफाको यो जिन्दगी दोबाटोमा सबै अल्झेको छ कोहि घाटामा
दुखि छ कोहि नाफामा मग्न छ कमाउने होडबाजि सबैलाइ छ
गन्तब्य कसैलाई थाहा छैन



कवि प्रमोद राम
जनकपुरधाम

।। बिन्ती मलाई प्रश्न नगर्नुस् ! ।।

ऋण पर्यो भनेर किन चिन्तित हुन्छौ भनी,
बिन्ती ! मलाई यहाँ कसैले प्रश्न नगर्नुस् !
ऋण लागेपछि त हो आफ्नाहरुले पनि
एउटै आँगनको बाटो काटेर हिँड्न थालेको।।
ऋणकै भारले गर्दा रातको निद्रा हराएको छ,
चाडपर्व आउँदा झन् यो मन आत्तिएको छ ।
आफ्नो भन्दा बालबच्चाको भविष्य सम्झी,
मैनझैं पग्लिएर यो मन दिनहुँ कमजोर हुँदैछ।
बाध्यताको घेरामा कसरी फसियो यहाँ,
महँगी र अभावले यो जीवन पिसियो यहाँ ।
कसैको लागि एक क्षणको तमासा होला यो ,
तर मेरै पसिनाले यो भाग्य लेखिँदैछ यहाँ ।।
पैसाको लागि किन मरिहत्ते गर्छौ भनी,
बिन्ती ! मलाई कहिल्यै प्रश्न नगर्नुस् !
खल्ती रित्तिएको खबर फैलिएपछि त हो,
आफ्नैहरूले यहाँ हैसियत तौलन थालेको ।।
मानवता भुली गोजीको तौल हेर्नेहरूले,
धनकै आधारमा हैसियत जोख्नेहरूले ।
अवश्य पछुताउनुपर्नेछ कुनै दिन यहाँ,
धन हेरी सम्बन्ध र निकटता रोज्नेहरुले ।।
हार मान्दिनँ म, पौरखले इतिहास कोर्नेछु,
अँध्यारोलाई चिरेर उज्यालोमा निस्कनेछु ।
आज उपहास गर्नेहरूलाई कर्मले जवाफ दिँदै,
भोलि स्वाभिमानले शिर उठाई देखाउनेछु।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा.न.पा-१ धनुषा

।। बेटी के पुकार ।।

हे यौ बाबू जी अहाँ कैला
करै छी एना भेदभाव
बेटा के पढ़बै छी बोर्डिंग
स्कूल हमरा करबै छी घास
भुसा, चूल्हा , चौकी
बेटा अहाँ के टहल टिपोरा नै
करैए हम त सभ काम करै छी
अहाँ लगायत माय,दैया, बाबा
काका,काकी सभके तैयो कैला
एना भेदभाव करै छी यौ बाबू जी
बेटी नै शिक्षित रहतै त ई गाँव
समाज घरक बौआ बुच्ची सेहो
अशिक्षित रहतै त हमरा लिखा
दिय स्कूल मे नाम हौ बाबूजी
हम पढ़ी लिखि क तोरे नाम रखबो
नैहर सँ सासु धरि सभके शिक्षित
बनेबौ तैं हमरो पढ़ाब हौ बाबूजी
अखन देश विदेश मे देखो महिला
कते पढ़ल लिखल छै आ अखनो
तक तो सभ इनार मे के बेङ छह
बेटा के पढ़बै छह आ बेटी के खाली
काम धन्धा मे लगौने रहै छह
आब नै एहन भेदभाव कर हौ बाबूजी
जेहने बेटा तेहने बेटी दुनू के मान समान
कर, हौ बाबूजी चल हमरो लिखा दह
सरकारिए स्कूल मे नाम हौ बाबूजी



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश दोहा कतार

।। अधुरो रहेर पनि सुन्दर छ प्रेम ।।

– एक मौन प्रेमको कथा

कहिलेकाहीं केही मान्छेहरू,
जीवनमा पाहुना बनेर आउँछन्,
तर उनीहरूको उपस्थितिले
मनमा सधैंका लागि घर बनाउँछन्।
न सँगै हिंड्ने कुनै वाचा थियो,
न भविष्यको कुनै निश्चित सपना,
तैपनि उसका साना उपस्थितिहरूले
सुन्दर बनाईदिए जीवनका धेरै क्षणहरू।
उसले मित्रताको नाम दिई,
मैले त्यही सम्बन्धलाई भावना बनाएँ,
उसले भविष्य नदेखेको ठाउँमा,
मैले अनगिन्ती सपनाहरू सजाएँ।
तर कुनै गुनासो छैन उससँग,
न कुनै प्रश्न, न कुनै दोष,
किनकि साँचो प्रेमले कहिल्यै माग्दैन,
कसैको जीवनमा आफ्नो हक र अधिकार।
अब ऊ आफ्नै बाटोमा खुसी रहोस्,
यही कामना छ मनको कुनै कुनामा,
किनकि सबै प्रेमकथाको अन्त्य मिलन हुँदैन,
केही कथाहरू सुन्दर रहन्छन् अधुरोपनमा।
सायद प्रेम भनेको पाउनु मात्र होइन,
कसैलाई नपाएर पनि सम्मान गर्न सक्नु हो।
केही मान्छेहरू जीवनमा सधैं रहँदैनन्,
तर उनीहरूले दिएका अनुभूतिहरू कहिल्यै हराउँदैनन्।



रोहित महतो

"कानैय मिथिला माइ"

जागु यौ मैथिल भैया आऽ,भाइ !!
मरैय मैथिल कानैय मिथिला माइ !!
जरैय मिथिला हासैय सामन्ती वर्ग आऽ, कसाइ !!
नेतासभासद कुर्सी लेल मचौने छथि तबाही !!
करैय शोषण मैथिलक हप्कैय मिथिला माइ !!
मैथिलक अर्जल सम्पति लएने छथि हथिआइ !!
हेपैय धोती,कुर्ता गम्छा कहिकऽ छिनैय मिथिला माइ!!
मैथिल भाषाभाषी बुझिकऽ सबहक बुझैय पराइ!!
मिथिलामे आइग दहेज धध्कैय, लागल छथि पसाही !!
जिनगीक बुझैछथि सस्ता, सेनुर भेल अछि महगाइ !!
बेटी कहि छथि फटफटिया मगैत छथि जमाइ !!
जँ देबही नइँ फटफटिया हमरा मारि देतौ गे माइ !!
लरैय सब अपन अधिकारक लेल खुनक लडाइ !!
कनैय बुद्ध,सीता,आऽ सलहेस कियो नइँ अछि गबाही !!



लेखक : फूलगेन महरा (Fulgen Raj Maithil)
ठेगाना : सिरहा न.पा.-७ (राज महिसोथा)
(सु.स.मो. या. ब क्याम्पस सिरहा)

।। मेरो मौनता ।।

मौन छु भन्दैमा मनमा पीडा छैन भन्ने होइन,
हाँसेको छु भन्दैमा आँखामा आँसु छैन भन्ने होइन।
धेरै कुरा छन् भन्नलाई, तर शब्द भेटिँदैनन्,
मनभित्रका घाउहरू सबैलाई देखिँदैनन्।
कसैको व्यवहारले बोल्ने छोडेको छु आज,
आफ्नै भावनासँग लड्न थालेको छु आज।
जसलाई सुनाउन चाहैं, उसैले बुझेन मेरो कथा,
त्यसैले मौनतालाई बनाएको छु आफ्नो व्यथा।
अब गुनासो छैन कसैसँग, न कुनै अपेक्षा छ,
मेरो मौनताभित्र लुकेको एउटा अधुरो सपना छ।
मौन छु, कमजोर भएर होइन,
धेरै कुरा बुझेर पनि केही नभनेको हुँ।
८ प्रीय बोलुम भने तिम्लाई पिडा हुने
नबोलुम भने मलाई



लेखक: बिरेन्द्र कुमार चौधरी(बिरु)
मिथिला न.पा.३ हरिहरपुर

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज तपाईको आत्मविश्वास बढ्नेछ।
वृष : पुरानो समस्या समाधान हुने सम्भावना रहेको छ।
मिथुन : आज सृजनात्मक काममा मन लाग्नेछ।
कर्कट : घरपरिवारको साथले हौसला बढ्नेछ। मन अलि संवेदनशील बन्न सक्छ।
सिंह : नेतृत्व क्षमता देखाउने अवसर मिल्ने छ। कार्यक्षेत्रमा उन्नति सम्भव छ।
कन्या : योजना बनाएको काम सफल हुनेछ। पढाइ वा अनुसन्धानमा प्रगति हुनेछ।
तुला : सम्बन्ध सुधार गर्ने समय हो। व्यापारमा लाभको संकेत छ।
वृश्चिक : आज मेहनतको फल पाउने दिन हो। गोप्य योजना सफल हुन सक्छ।
धनु : यात्रा वा भेटघाटको सम्भावना छ। अध्ययनमा रुचि बढ्नेछ।
मकर : जिम्मेवारी बढ्न सक्छ। करियरमा नयाँ दिशा मिल्नेछ।
कुम्भ: नयाँ विचारले प्रशंसा पाउनुहुनेछ। सामाजिक काममा सक्रियता बढ्नेछ।
मीन: आध्यात्मिक सोच बढ्नेछ। रचनात्मक काममा प्रगति हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८५५८९३५३४, ९८५५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

सप्तरीमा एक हजार मतदाता थपिए



सप्तरी । सप्तरीमा नौ महिनाभित्र एक हजार २६ मतदाता थपिएका छन् ।

विसं २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा पुरुष दुई लाख ३३ हजार ९६, महिला दुई लाख १३ हजार २८३ र अन्य २३ मतदाता गरी चार लाख ४६ हजार ४०२ मतदाता रहेकामा पछिल्लो नौ महिनाको अवधीमा मतदाता थपिएपछि चार लाख ४७ हजार ४२८ मतदाता पुगेको जिल्ला निर्वाचन प्रमुख रञ्जित कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाल एक हजार २६ मतदाता थपिएपछि जिल्लामा पुरुष दुई लाख ३४ हजार १६, महिला दुई लाख १३ हजार ३९० तथा अन्य २२ मतदाता छन् । पछिल्लो नौ महिनाको अवधिमा पुरुष मतदाता ९२० र महिला मतदाता १०७ थपिएका छन् ।"

जिल्लाका नौ नगरपालिका र नौ गाउँपालिकामा रहेका मतदाताको सङ्ख्या सार्वजनिक गरिएको छ । पालिकागत विवरणअनुसार राजविराज नगरपालिकामा सबैभन्दा बढी ४५ हजार ४६ मतदाता कायम रहेका छन् । कञ्चनरूप नगरपालिकामा ३७ हजार ८६४, सुरुङ्गा नगरपालिकामा ३२ हजार २३९, हनुमाननगर कङ्कालिनी नगरपालिकामा ३० हजार ५३१, डाक्नेश्वरी नगरपालिकामा ३० हजार ३९६, बोदेबर्साइन नगरपालिकामा ३० हजार ३०

७, शम्भुनाथ नगरपालिकामा २५ हजार ५२, सप्तकोशी नगरपालिकामा १५ हजार ८८८ र खडक नगरपालिकामा ३३ हजार ८४ मतदाता रहेका छन् ।

यसैगरी, अग्निसाइर कृष्णासवरण गाउँपालिकामा २० हजार १२, रुपनी गाउँपालिकामा १९ हजार ७०१, छिन्नमस्ता गाउँपालिकामा १९ हजार ८९६, तिलाठी कोइलाडी गाउँपालिकामा २१ हजार ६३८, महादेवा गाउँपालिकामा १८ हजार ७९१, विष्णुपुर गाउँपालिकामा १६ हजार ६९१, बलानबिहुल गाउँपालिकामा १५ हजार ४७८, तिरहुत गाउँपालिकामा १५ हजार २८६ र राजगढ गाउँपालिकामा १९ हजार ५८४ मतदाता रहेको निर्वाचन प्रमुख कार्कीले जानकारी दिनुभयो । रासस

'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रम सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा आयोजित 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रम एक समारोहका बीच सम्पन्न भएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कार्यक्रम कार्यान्वयन, प्राप्त उपलब्धीसहित समुदायमा आएका सकारात्मक परिवर्तन तथा आगामी दिनमा त्यसको दिगोपन सुनिश्चित गर्ने विषयमा छलफल गरिएको छ ।

युरोपेली युनियन (ईयू) को आर्थिक सहयोग तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरूको सहकार्यमा सञ्चालित सो कार्यक्रममा सहभागी महिला तथा समुदायका प्रतिनिधिहरूले कार्यक्रमले आफ्नो व्यक्तिगत जीवन, परिवार तथा समुदायमा ल्याएको परिवर्तनका अनुभवहरू सुनाएका थिए । उनीहरूले महिलाको नेतृत्व विकास, सामाजिक मूल्यमान्यतामा परिवर्तन, आर्थिक आत्मनिर्भरता तथा स्थानीय तहको नीति र प्रणालीमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाललाई संस्थागत गर्न कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याएको धारणा राखेका थिए ।

सामाजिक मूल्यमान्यता परिवर्तनसम्बन्धी उपलब्धि प्रस्तुत गर्दै अञ्जली राम, रञ्जु ठाकुर र अम्बिका मण्डलले बालविवाह, दाइजो प्रथा तथा विभेदकारी सामाजिक अभ्यासविरुद्ध समुदायमा चेतना र प्रतिरोध गर्ने क्षमतामा वृद्धि भएको अनुभव सुनाएकी थिईन । उनीहरूले महिलाहरू आफैँ सामाजिक कुरीति र हानिकारक अभ्यासविरुद्ध आवाज उठाउन तथा सकारात्मक परिवर्तनको नेतृत्व गर्न सक्षम बन्दै गएको उल्लेख गरेकी थिइन ।



यसैगरी, कार्यक्रमको दोस्रो प्रतिफल क्षेत्रअन्तर्गत आर्थिक सशक्तीकरणका उपलब्धि प्रस्तुत गर्दै मनीषा शर्मा (मिथिला पेन्टिङ), बिन्दु पण्डित (ब्युटी पार्लर), काजल झा, स्मृति बस्नेत (मिथिला पेन्टिङ), आस्मिन (कपडा पसल) तथा सम्झना वर्माले कार्यक्रमबाट प्राप्त सीप, उद्यमशीलता, बजारसँगको पहुँच र आर्थिक अवसरले महिलाहरूलाई आत्मनिर्भर बन्न सहयोग पुगेको बताएकी थिइन ।

कार्यक्रमको तेस्रो प्रतिफल क्षेत्रअन्तर्गत संस्थागत तथा नीतिगत उपलब्धिबारे जनकपुरधाम उपमहानगरपालिका वडा नं. १ का महिला वडा सदस्यहरू सतिया देवी सदा र शारदा पन्तले स्थानीय तहको नीति, योजना तथा प्रणालीमा महिला र सीमान्तकृत समुदायका सवाल समावेश गर्न कार्यक्रमले सहयोग गरेको बताईन ।

कार्यक्रममा उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मेहिलाल यादवले कार्यक्रमबाट प्राप्त उपलब्धि महत्वपूर्ण भए पनि समुदायमा अझै धेरै काम गर्न बाँकी रहेको बताए । उनले कार्यक्रमका सकारात्मक अभ्यासलाई निरन्तरता दिन उपमहानगरपालिकाले आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमको अध्यक्षता गरेका उपप्रमुख किशोरी साहले कार्यक्रमले महिला तथा किशोरीको सशक्तीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, आर्थिक आत्मनिर्भरता र समावेशी स्थानीय शासनमा उल्लेखनीय योगदान पुऱ्याएको बताए ।

उनले बालविवाह तथा दाइजो प्रथाविरुद्ध समुदायमा बढेको चेतना, विद्यालयबाहिर रहेका किशोरकिशोरीको पुनः विद्यालय प्रवेश, महिलाको उद्यमशीलता र स्थानीय संस्थागत संरचनाको सुदृढीकरणलाई महत्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गरे ।

महिला मानव अधिकार रक्षकहरूमाथि भएको आक्रमणको निष्पक्ष छानबिनको माग

टुडे समाचादाता

जनकपुरधाम । मधेश प्रदेशका महिला मानव अधिकार रक्षकहरूको प्रदेश सञ्जालले धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा हिंसा प्रभावित महिलालाई न्याय दिलाउने प्रक्रियामा सहजीकरण गर्न पुगेका महिला मानव अधिकार रक्षक तथा ओरेकका कर्मचारीमाथि भएको आक्रमणको कडा निन्दा गरेको छ ।

जनकपुरधाममा शुक्रबार सञ्जालकी सदस्य बिभा सिंहले केही कर्मचारी घाइते भई उपचाररत रहेको विज्ञप्तिमा जनाइएको छ ।

सञ्जालले उक्त घटना महिला अधिकार, मानव अधिकार, न्यायमा पहुँच तथा नागरिक समाजको स्वतन्त्र भूमिकामाथिको आक्रमण भएको भन्दै दोषीमाथि निष्पक्ष अनुसन्धान गरी कानुनी कारबाही गर्न माग गरेको छ । साथै घाइतेहरूको निःशुल्क उपचार, सुरक्षा व्यवस्था, हिंसा प्रभावित महिलाको गोपनीयता संरक्षण तथा महिला मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि विशेष नीति निर्माण



महिलामाथि समाजमै यसरी हिंसा हुनु दुःखद रहेको भन्दै यस घटनामा सङ्लन रहेकाहरुमाथी तत्काल कारबाहीको समेत गरिन् ।

सञ्जालद्वारा जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा २०८३ मंसिर ६ गते घटनास्थल पुगेका अधिकारकर्मीहरूमाथि कुटपिट, बलात्कारको प्रयास, लुटपाट तथा ज्यान मार्ने धम्की दिइएको उल्लेख गरिएको छ । करिब १५० जनाको समूहले धारिलो हतियारसहित आक्रमण गर्दा गर्न सरकारसँग आग्रह गरेको छ ।

विज्ञप्तिमा महिला तथा मानव अधिकार रक्षकहरूमाथि हुने हिंसा र दमनविरुद्ध सामूहिक आवाज उठाइरहने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

सो पत्रकार सम्मेलनमा सञ्जालकि सदस्य बिना सिंहले महिला अधिकारकर्मी माथि नै हिंसा हुनु र सुनका गरगहनाहरु समेत लुटिएकोमा आफूहरु निकै असुरक्षित रहेको बताइन् ।

अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने

काठमाण्डू । सरकारले सङ्घीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक, बालविकास सहजकर्ता र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया अघि बढाएको छ ।

सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै सबै श्रमजीवी नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा समेट्ने नीतिअनुसार सरकारले नीतिगत तथा



संस्थागत पहल अघि बढाएको हो ।

नवौँ सामाजिक सुरक्षा दिवस, २०८३ का अवसरमा आयोजित कार्यक्रममा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादीले सामाजिक सुरक्षा सबै श्रमिकको साझा अधिकार र सुरक्षित भविष्यको आधार भएको बताउनुभयो ।

उहाँका अनुसार चालु आर्थिक वर्षको बजेटमा सामाजिक सुरक्षा कोष खर्च शीर्षकअन्तर्गत विनियोजित रु एक अर्ब ८० करोड ६३ लाखबाट सङ्घीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक र बालविकास सहजकर्तालाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने प्रक्रिया थालिएको छ ।

त्यसैगरी, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई कोषमा आबद्ध गराउन सरकारले सहयोग गर्ने व्यवस्था अघि बढाइएको छ । स्थानीय तहको सहयोगमा कोषमा आबद्ध हुने श्रमिकका लागि हाललाई एक प्रतिशत बराबरको योगदान सरकारले जम्मा गरिदिने व्यवस्था गरिएको मन्त्री बादीले जानकारी दिनुभयो ।

मन्त्री बादीले सामाजिक सुरक्षा प्रणालीको विस्तारसँगै विभिन्न निकाय र क्षेत्रमा छरिएर रहेका कल्याणकारी कोष तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई एकीकृत र समन्वय गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सेवा प्रवाहलाई योगदानकर्तामैत्री, पारदर्शी, सरल र प्रभावकारी बनाउनुका साथै कोषको संस्थागत क्षमता विकास सरकारको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो ।

सामाजिक सुरक्षालाई रोजगारदातामाथिको अतिरिक्त आर्थिक भारका रूपमा नभई श्रमिकको क्षमता, उत्पादकत्व, श्रमको सम्मान र संस्थागत स्थायित्वमा गरिएको लगानीका रूपमा बुझ्नुपर्ने मन्त्री बादीको भनाइ थियो ।

हाल सामाजिक सुरक्षा कोषमा ३३ लाखभन्दा बढी योगदानकर्ता र करिब २४ हजार रोजगारदाता सूचीकृत भएका छन् । कोषमा रु एक खर्ब ३३ अर्ब २६ करोडभन्दा बढी योगदान रकम सङ्कलन भएको छ भने रु २३ अर्ब २६ करोडभन्दा बढी दाबी भुक्तानी भइसकेको छ ।

संविधानले सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गर्दै मन्त्री बादीले योगदानमा आधारित र गैरयोगदानमूलक सामाजिक सुरक्षा प्रणालीलाई एकअर्काका पूरकका रूपमा विकास गरी नागरिकको जीवनचक्रमा आधारित सामाजिक संरक्षण सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

यस वर्षको नवौँ सामाजिक सुरक्षा दिवस 'सामाजिक सुरक्षा कोषमा आबद्धता : वर्तमान र भविष्यको सुरक्षा' भन्ने नारासहित मनाइएको हो । रासस

एक्स्ट्रम इनर्जी ड्रिंकको विन्टर अफर : सुन जित्ने अवसर



टुडे समाचारदाता

काठमाण्डू । जाडो मौसमलाई लक्षित गर्दै एक्स्ट्रम इनर्जी ड्रिंकले उपभोक्ताका लागि आकर्षक उपहार योजना सार्वजनिक गरेको छ । कम्पनीले आफ्ना पाँच नयाँ स्वादका उत्पादन बजारमा ल्याएसँगै 'विन्टर अफर' सञ्चालनमा ल्याएको हो ।

कम्पनीको योजनाअनुसार एक्स्ट्रम इनर्जी ड्रिंकका क्लासिकसहित पाँचवटै स्वादका क्यान खरिद गर्ने उपभोक्तामध्ये छ जना भाग्यशालीले सुनको क्यान जित्न सक्नेछन् ।

अफरमा सहभागी हुन उपभोक्ताले आफूले खरिद गरेको एक्स्ट्रम इनर्जी ड्रिंकको क्यानमा रहेको क्यूआर कोड स्क्यान गरी आवश्यक व्यक्तिगत विवरण दर्ता गर्नुपर्नेछ । विवरण दर्ता गरेपछि उनीहरू स्वतः उपहार योजनामा सहभागी हुनेछन् ।

कम्पनीले प्रत्येक महिना राष्ट्रिय टेलिभिजनमार्फत लक्की ड्र आयोजना गरी विजेताको नाम सार्वजनिक गर्ने जनाएको छ । यसबाट उपभोक्ताले नयाँ स्वादको अनुभव लिनुका साथै उपहार जित्ने अवसरसमेत प्राप्त गर्नेछन् ।

नयाँ स्वादका उत्पादनसँगै ल्याइएको यो अभियानले विशेषगरी युवा उपभोक्तामाझ ब्रान्डको पहुँच र लोकप्रियता विस्तार गर्ने कम्पनीको अपेक्षा छ । उपभोक्ताको विश्वास र साथलाई सम्मान गर्दै जाडो मौसमलाई थप उत्साहपूर्ण बनाउने उद्देश्यले योजना ल्याइएको कम्पनीले जनाएको छ ।

लागुऔषधसहित विभिन्न जिल्लाबाट १७ जना पक्राउ

काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न जिल्लाबाट १७ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय समाचारकक्षका अनुसार काठमाडौँ, कैलाली, झापा, बारा, चितवन, बर्दिया, दाङ, गुल्मी र सुर्खेतबाट उनीहरू पक्राउ परेका हुन् ।

काठमाडौँबाट भारतका ३२ वर्षीय शिवकुमार चौहान, कैलालीबाट २७ वर्षीय अजय चौधरी, झापाबाट २७ वर्षीय रितेश राई र अनिल राई तथा बाराबाट ३१ वर्षीय विनय महतो र ३० वर्षीय सहजाद शेख पक्राउ परेका हुन् ।

यसैगरी, चितवनबाट २२ वर्षीय विशाल घिसिङ, २६ वर्षीया अञ्जु रिजाल र २५ वर्षीय सुमेश गान्धारी, बर्दियाबाट ३२ वर्षीय रमेश चौधरी, दाङबाट २४ वर्षीय धनबहादुर खत्री, गुल्मीबाट सुन्तला सर्किनी तथा सुर्खेतबाट ३२ वर्षीय दीपक झा पक्राउ परेका छन् ।

चितवन, बर्दिया र दाङका घटनामा पक्राउ परेका अन्य व्यक्तिको नाम सार्वजनिक गरिएको छैन । उनीहरूबाट गाँजा, खैरो हेरोइन र ब्राउनसुगर जस्तो देखिने पदार्थ बरामद भएको छ । रासस

सवारी चालक रोस्टरका लागि विज्ञापन

प्रथम पटक प्रकाशित मिति : ११ मंसिर २०८३

संयुक्त राष्ट्रसंघ (United Nations) ले नेपाल सरकार र नेपाली जनतालाई दिगो विकास प्रवर्द्धन गर्न, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न, सुशासन सुदृढ गर्न तथा मानवीय र विकाससम्बन्धी चुनौतीहरूको सम्बोधन गर्न सहयोग गर्दै आएको छ । नेपालस्थित संयुक्त राष्ट्रसंघ (UN) मा विभिन्न संयुक्त राष्ट्रसंघीय निकाय, कोष तथा कार्यक्रमहरू आबद्ध छन् ।

संयुक्त रूपमा कार्य गर्ने महत्वलाई आत्मसात् गर्दै तथा कार्य सञ्चालनको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरूले साझा चालक रोस्टर (Common Driver Roster) स्थापना गर्न सहकार्य गरेका छन् । यो नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरूको संयुक्त भर्ना पहल हो, जसको उद्देश्य चालक पदका लागि योग्य तथा उपयुक्त उम्मेदवारहरूको साझा रोस्टर तयार गर्नु हो । यस रोस्टरमा समावेश भएका उम्मेदवारहरूलाई सम्बन्धित संयुक्त राष्ट्रसंघीय निकायहरूको सञ्चालनसम्बन्धी आवश्यकता तथा आ-आफ्नो भर्ना प्रक्रियाका आधारमा भविष्यमा सिर्जना हुने चालक पदका रिक्त स्थानहरूमा विचार गर्न सकिनेछ ।

यसर्थ, इच्छुक तथा योग्य उम्मेदवारहरूलाई साझा चालक रोस्टरमा समावेश हुनका लागि आवेदन दिन आमन्त्रण गरिन्छ ।

न्यूनतम शैक्षिक योग्यता	तह	कार्य क्षेत्र
एस.एल.सी./एस.ई.ई. उत्तीर्ण	एनपीएसए २	छनोट भएका उम्मेदवारलाई आवश्यकताअनुसार नेपालको जुनसुकै स्थानमा खटाउन सकिनेछ ।

अनुभव:

- मान्यता प्राप्त संस्थाबाट हलुका तथा भारी सवारी चालक अनुमति पत्र (Driving License) प्राप्त गरेको र कम्तीमा दुई वर्षको अनुभव भएको;
- सवारीसम्बन्धी कानून तथा नियमहरुको पूर्ण ज्ञान भएको तथा सवारी साधन मर्मत तथा सम्भार (Repair and Maintenance) को अनुभव भएको;
- लामो दूरी सवारी साधन चलाउन इच्छुक;
- नेपाली र अङ्ग्रेजी भाषा बोल्न र राम्ररी बुझ्न सक्ने;
- सवारी साधनको सुरक्षित संचालनका लागि तथा कुनै दुर्घटना भएको अवस्थामा पालना गर्नुपर्ने नियम, कानून तथा कार्यविधिको पूर्ण जानकारी भएको ।

विस्तृत जानकारी र दरखास्तका लागि: https//www.undp.org/nepal/jobs मा गएर निवेदकले आवेदनका साथ व्यक्तिगत विवरण (BIO–DATA) र सिफारिस गर्ने तीन जना व्यक्तिहरुको नाम, ठेगाना, ईमेल र सम्पर्क टेलिफोन नम्बर सहित आफ्नो दरखास्त **२५ मंसिर २०८३** भित्र बुझाई सक्नु पर्ने छ ।

प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरुलाई मात्र छनोटको थप प्रक्रियाका लागि सम्पर्क गरिने छ । रोस्टरमा समावेश हुँदैमा रोजगारीको सुनिश्चितता हुने छैन । सम्बन्धित संयुक्त राष्ट्रसंघीय निकायहरूको आवश्यकता तथा भर्ना प्रक्रियाको अधीनमा रही आवश्यकता र अवसर सिर्जना भएअनुसार उम्मेदवारहरूलाई सम्बन्धित रिक्त पदका लागि विचार गरिनेछ ।

यूएन आफ्नो मानवस्रोतमा विविधता हासिल गर्न प्रतिबद्ध छ र सबै तहका कर्मचारीहरूमा लैङ्गिक सन्तुलन कायम गर्ने नीति अवलम्बन गरेको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्य अनुभव र/वा शैक्षिक ज्ञान थप कदरको विषय हुनेछ ।

योग्य महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अन्य अल्पसंख्यकहरूलाई आवेदन दिन विशेष प्रोत्साहन गरिन्छ ।

संयुक्त राष्ट्रसंघको यौन शोषण तथा दुर्व्यवहार र यौन उत्पीडन विरुद्ध शून्य-सहनशीलताको नीति छ । यौन शोषण तथा दुर्व्यवहार र यौन उत्पीडन निवारण गर्नु सबैको जिम्मेवारी हो र संयुक्त राष्ट्रसंघका सबै कर्मचारीहरूले यौन शोषण तथा दुर्व्यवहार र यौन उत्पीडनसम्बन्धी सिद्धान्तहरू स्थापित गर्ने आचरणजन्य मापदण्डहरू (कार्यालय भित्र र बाहिर दुवैमा) पालना गर्नुपर्छ । यसकारण छनौट हुने सबै उम्मेद्वारहरू सुरक्षित नियुक्ति प्रक्रिया मार्फत नियुक्त हुनेछन् ।

सबै आवेदनहरुमा उच्च गोपनीयता कायम गरिनेछ ।

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८३।०८।०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८३।०८।०९ गतेको निर्णय अनुसार लर्ड प्लाजा प्राइभेट लिमिटेडको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी लर्ड रामायणा प्राइभेट लिमिटेड (**Lord Ramayana Private Limited**) कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएकोछ ।

लर्ड रामायणा प्राइभेट लिमिटेड

(**Lord Ramayana Private Limited**)

जनकपुरधाम उपमहानगरपालिका–१४, धनुषा, मधेश प्रदेश, नेपाल

लोहारपट्टी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लोहारपट्टी, महोत्तरी

मधेश प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

लोहारपट्टी न.पा.महोत्तरीबाट गरिने विभिन्न सीपमूलक तालिम, चेतनामूलक कार्यक्रम, विभिन्न प्रकारका सामग्री आपूर्तिकर्ता, परामर्श, निर्माण कार्य आदि सम्बन्धित खरिद कार्यमा सहभागी हुन चाहने खरिदसंग सम्बन्धित तथा अन्य प्रचलित कानून बमोजिम योग्य गैर सरकारी संस्थाहरू, परामर्शदाताहरू, विभिन्न प्रकारका सामग्रीहरूका आपूर्तिकर्ताहरू, निर्माण व्यवसायीहरूले मिति २०८३।०८।१८गते कार्यालय समय भित्र आफ्नो फर्म /संस्था सूचिकृत गराउन हुन यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा यदुकुहा गा.वि.स. वडा नं.९ हाल शहिदनगर नगरपालिका वार्ड नं.३ मा बस्ने बर्ष ५० को राजेश्वर यादव वादी र जिल्ला धनुषा गा.वि.स. यदुकुहा वडा नं.९ हाल शहिदनगर नगरपालिका वडा नं.३ मा बस्ने मखन यादव प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.९० डा. मि. २०८३/०९/३० गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी / प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने सूचना/म्याद बेपत्ते म्याद तामेली भई आएको हुँदा मिति २०८३/०८/०२ गतेमा प्रतिवादी नाउँको सूचना/म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० (तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतः तपाई प्रतिवादी जिल्ला धनुषा यदुकुहा गा.वि.स.वार्ड नं.९ मा बस्ने मखन यादव नाउँको म्याद सरहको यो ३० तिस दिने सार्वजनिक सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र मोही लगत कट्टा हुनु नपर्ने कारण सहित सप्रमाण सहित तपाई आफ्नो प्रतिउत्तर लिई आफैँ वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछा पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० (तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

तपसिल

सि.नं.	जिल्ला	गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	मोहीको नाम, थर र ठेगाना
१.	धनुषा	यदुकुहा	९क	६७९	०-२-०	जिल्ला धनुषा यदुकुहा गा.वि.स.वार्ड नं.९ मा बस्ने मखन यादव
२.	धनुषा	यदुकुहा	९क	६८०	०-१-१	जिल्ला धनुषा यदुकुहा गा.वि.स.वार्ड नं.९ मा बस्ने मखन यादव


राराब क्याम्पसमा २० करोडभन्दा बढीको भ्रष्टाचार

टुडे समाचारदाता

जनकपुरधाम । त्रिभुवन विश्वविद्यालय अन्तर्गत जनकपुरधामस्थित रामसागर रामस्वरूप बहुमुखी (राराब) क्याम्पसमा २० करोडभन्दा बढी रकमको भ्रष्टाचार भएको भन्ने रहस्य खुलेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार सम्बन्धी फाइल पुगेपछि रहस्य खुलेको हो ।

विद्यार्थीले बुझाएको शुल्कमा २० करोड रुपैयाँभन्दा बढीको संस्थागत भ्रष्टाचार भएको त्रिविविकै छानबिनबाट खुलेपछि उक्त प्रकरण अख्तियारसम्म पुगेको छ ।

त्रिभुवन विश्वविद्यालयले गठन गरेको छानबिन समितिले बुझाएको प्रतिवेदनमा ठूलो परिमाणमा आर्थिक हिनामिना भएको पुष्टि भएपछि थप अनुसन्धान र दोषीमाथि कडा कारबाहीका लागि फाइल अख्तियार पठाइएको हो । त्रिवि इतिहासकै सबैभन्दा ठूलो मानिएको यो शुल्क घोटाला प्रकरणले विश्वविद्यालयको



आन्तरिक प्रशासन र लेखा प्रणालीको चरम लापरबाहीलाई उदाङ्गो पारिदिएको छ ।

त्रिविको दोस्रो छानबिन समितिले ७५ दिन लगाएर तयार पारेको प्रतिवेदनले राराब क्याम्पसमा कानुनको धज्जी उडाउँदै संगठित रूपमै लुट मच्चाइएको ठहर गरेको छ ।

२०७७ साउन १ देखि २०८२ पुस मसान्तसम्मको अभिलेख अध्ययन गर्दा ६ करोड २४ लाख रुपैयाँ सोझै अनियमितता भएको किटान गरिएको छ भने करिब १४ करोड रुपैयाँ बराबरको रसिद नै गायब पारिएको छ ।

क्याम्पसको आन्तरिक कार्यक्रमतर्फ बीए, बीबीए, बीआईटी, सीएसआईटी र बीएससीका विद्यार्थीलाई बैंकमा शुल्क जम्मा गर्न निरुत्साहित गर्दै लेखा शाखाले सोझै नगद बुझ्ने र रसिदको पहिलो तथा दोस्रो (कार्यालय प्रति) पानामा फरक-फरक रकम उल्लेख गरी करोडौं अपचलन गरेको प्रतिवेदनमा उल्लेख छ ।

आन्दोलनको आडमा प्रमाण नष्ट

छानबिनका क्रममा लेखा सहायक सञ्जय दासले काटेका रसिदहरूमा प्रत्यक्ष हिनामिना देखिए पनि यति ठूलो घोटालामा सिंगो गिरोह र शक्तिकेन्द्रको संरक्षण रहेको निष्कर्ष प्रतिवेदनमा उल्लेख छ । अझ गम्भीर पक्ष त के छ भने, भ्रष्टाचारको प्रमाण मेटाउन २०८२ भदौ २४ गते भएको आन्दोलनको मौका छोपी क्याम्पसको लेखा शाखा र प्रमुखको कार्यकक्षमा आगजनीसमेत गराइएको थियो, जसबाट महत्वपूर्ण रसिदहरू जलेर नष्ट भएका छन् ।

जनकपुरमा सुरक्षा जोखिम बढेपछि काठमाडौं आएर प्रतिवेदन लेखेको समितिले तत्कालीन क्याम्पस प्रमुख, लेखा प्रमुखका साथै नियमित लेखापरीक्षणमा खटिने त्रिविको आन्तरिक टोली र महालेखापरीक्षकको कार्यालयका कर्मचारीलाई समेत गम्भीर शंकाको घेरामा तानेको छ ।

घोटालाको फाइल अख्तियार पुगेसँगै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले विद्यार्थीको भविष्यमाथि खेलबाड गर्दै शुल्क हिनामिना गर्ने कसैलाई पनि नछाड्ने कडा चेतावनी दिएका छन् । छानबिन समितिको प्रतिवेदन अध्ययन भइरहेको र त्रिविको नियमअनुसार दोषी कर्मचारीलाई बर्खास्त गर्नेदेखि प्रचलित कानुनबमोजिम हदैसम्मको कारबाही अघि बढाइने जनाएका छन् ।

मधेश प्रदेश सरकारको चाला-कएलधएल पर जय सियाराम...

ब्लग :



श्यामसुन्दर शशि

अन्य प्रदेश सरकारहरु जस्तै मधेश प्रदेश सरकार क्रियाशील भएको दश वर्ष बित्न थालेको छ । यस दश वर्षभित्र मधेश सरकारले 'बेटी पढाउ, बेटी बचाउ, छोरी बीमा योजना, मुख्यमन्त्री स्वच्छता अभियान, पूर्ण सुरक्षित मातृत्व, पूर्ण खोप, कुपोषणमूक्त प्रदेश अभियान, एक पालिका, एक विशिष्ट उत्पादन, औद्योगिक करिडोर विकास, आत्मनिर्भर र समृद्ध मधेश : सुखी मधेशी, खेत-खेतमा पानी, घर-घरमा खाद्यान्न, महिलाको सीप र साहस, मधेश विकासको विश्वास, शिक्षित छोरी : सुरक्षित मधेश, उद्यमशील नारी : समृद्ध प्रदेश, मेड इन मधेश, फिड फोर नेशन, दलित सशक्तिकरणलगायत अनेकौं योजना-परियोजना तथा विकास निर्माणसंग सम्बन्धित कार्यक्रमहरु ल्याए । तीमध्ये केही सफल भए । केही आर्थिक अनियमितताको आरोपपछि बन्द भए । केहीको नाम परिवर्तन गरियो । केही कार्यान्वयन नै नभइ नारामै सीमित भए, केही जारी पनि छन् ।

मधेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा विसं २०७५ देखि शुरु भएको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान भारतको देखासिकिमा आए पनि यस अभियानले राष्ट्रिय चर्चा बटुलेको थियो । प्रदेशको गौरवको योजनाको नाम दिइएको यस अभियान अन्तर्गत छात्राहरूलाई साइकल वितरण, छोरी शिक्षा बीमा र लोकसेवा तयारी कक्षा जस्ता सकारात्मक कार्यक्रमहरु सञ्चालन गरिएका थिए । तर दुर्भाग्य साइकल खरिदमा भएको अनियमिताको कारण योजना रोकियो । छात्राहरुलाई वितरण गर्न खरिद गरिएका सयौं साइकल खिया लागेर खेर जाँदैछ । ऐतिहासिक स्थल तथा सार्वजनिक पोखरी र मठ-मन्दिरहरूको सरसफाइ, सौन्दर्यीकरण र संरक्षणका लागि ल्याइएको मुख्यमन्त्री स्वच्छता अभियान पनि सकारात्मक उद्येश्यले ल्याइएको थियो । तर धार्मिक, सांस्कृतिक, पुरातात्विक चेतनाको कमिका कारण मठ-मन्दिरको मौलिकता नष्ट गर्ने काम भयो । पोखरी सौन्दर्यीकरणको नाममा डिलहरुमा ईट, ढुंगा र सिमेन्ट थुपारियो । पोखरीको पानी प्रदुषित भयो ।

आजको विषय मधेश प्रदेश सरकारको विकास वा नीति निर्माण भन्दा पनि भौतिक संरचना निर्माणसंग सम्बन्धित छ । नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । सरकार भनेको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासहितको प्रशासनिक संरचना हो । संघीय सरकारको संघीयता विरोधि सोचका कारण संघीयता कार्यान्वयनमा समस्या उत्पन्न भए पनि प्रदेश सरकारहरुलाई आफ्नो भौतिक संरचना निर्माण गर्न कसैले रोकेको छैन ।

प्रदेश सरकार गठन भएको पछिल्ला दश वर्षदेखि प्रदेशका अधिकांश मन्त्रालयहरु जनकपुर चुरोट कारखाना परिसर भित्र तथा केही भाडाको भवनमा अन्य यन्त्र संचालित छन् । मुख्यमन्त्री, प्रदेश प्रमुख तथा अधिकांश मन्त्रीजीहरु जचुकालिको अतिथि भवन तथा कर्मचारी आवासमा रमाईरहेका छन् । प्रदेश सभा पुरानो शिक्षक प्रशिक्षण केन्द्रमा संचाल नभइ रहेको छ भने सभामुखज्युको आवास त्यही परिसरभित्र छ । हिन्दीमा उखान जस्तै- 'हिंग लगे ना फिटकिरी...रंग चोखाहो जाय....।' बनेको संरचनामा अलिअलि टाल



टुल गर्यो अनि आरामले बस्यो । मंहगा गाडी, एयर कण्डिशन, सोफा, घुम्ने कूर्सी खरिदमा करोडौं खर्च गर्ने मधेश प्रदेश सरकार एउटै पनि भौतिक संरचना निर्माण गर्न सकेको छैन ।

चुरोट कारखना सञ्चालन हुनु पर्छ कि पर्दैन ? यो विमर्शको विषय हुन सक्छ । तर उद्योग मन्त्रालय मातहातको यस संरचनाको औद्योगिक प्रयोजनमा प्रयोग हुनु पर्दछ भने आमनागरिकको माग हो । जचुकालिको वर्तमान संरचनामा समय सुहाउँदो उद्योग संचालन गरेर रोजगारी सृजनासंगै पुराना संरचनाको सदुपयोग गर्नु श्रेयस्कर होलाभने मेरो व्यक्तिगत विचार हो । शिक्षक तालिम केन्द्र जनकपुर, बारा, पर्सा अथवा सप्तरी जहाँ संचालन भए पनि हुन्छ । तर शिक्षक तालिम प्रयोजनको लागि निर्माण गरिएको यस प्रशिक्षण केन्द्रको प्रयोग विद्यार्थी र शिक्षकहरुको बृति विकासकै लागि हुनु पर्दछ भने आमनागरिकको राय छ । बालबालिका, किशोर किशोरी तथा युवा वर्ग कुलतमा फसिरहेको वर्तमान अवस्थामा बालबालिकाहरुका लागि संरक्षित संरचना चाहिन्छ । जहाँ उनीहरुलाई खेलकुद, गीत-संगीतलगायतका अतिरिक्त क्रियाकलापसंगै शिक्षा-दीक्षा पनि दिन सकियोस् । तर दुर्भाग्यवर्षभरि बजेट कुम्ल्याउने, मन्त्री, मुख्यमन्त्रीबन्ने बनाउँने षडयन्त्रमा लागेका प्रदेश सांसदहरु यी विषयहरुलाई प्राथमिकतामै राख्दैनन् ।

हो, प्रदेश सरकारले जनकपुरधाम-८ रामानन्द चोकस्थित देशकै चर्चित वागवानीको जग्गा मिचेर प्रदेश कृषि निर्देशनालय निर्माण गरेको छ । ट्वीन टावर भनिएको यो जुम्ल्याहा भवन निर्माण भएको तीन-चार वर्ष भयो तर किन हो कुन्नी संचालनमा आउन सकेको छैन । आवश्यक कानून र नियमाबली नै निर्माण गरी प्रदेशभित्र सार्वजनिक यातायात संचालन गर्ने उद्देश्यले पाँचथान वस खरिद गर्यो तर खिया लाग्न थालेपछि तीबसहरु अन्य संस्थाहरुलाई दान दिइयो । प्रदेश सरकारले स्थापना गरेका कृषि विश्वविद्यालय होस् कि स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश विश्वविद्यालय होस् कि मधेश प्रज्ञा प्रतिष्ठान, चलचित्र बोर्ड, मिडिया काउन्सिल वा अन्य संघ संस्थाहरु । सबका सब भाडाको भवनमा संचालित हुँदै छ । प्रदेश सरकार भाडाकै शिर्षकमावार्षिक करोडौं रमक खर्च गर्दै छ ।

तीनै तहका सरकारसंगको सहकार्य र सहयोगमा नेपाल पत्रकार महासंघ, धनुषा, नेपाल पत्रकार महासंघ, मधेश प्रदेश, मिथिला नाट्यकला परिषद्, मैथिली विकास कोष, रामानन्द युवा क्लबलगायतका संघ संस्थाहरु आफ्नो भवन निर्माण गर्न सक्छ भने मधेश प्रदेश सरकार किन गर्न सकिरहेको छैन ? सरकार संचालनका लागि आवश्यक भौतिक संरचना निर्माणलाई प्रदेश सरकार तथा प्रदेश सांसदहरुले प्राथमिकता नदिनुको कारण संघीयताप्रति आशंका त होइन ? अथवा भाडाका नाममा कमिशनको खेल त चलि रहेको छैन ? आमनागरिक यस कोणबाट पनि विश्लेषण गर्न थालेका छन् ।

यस अघिका सरकारहरुले विविध प्रयोजनका लागि निर्माण गरेका भौतिक संरचनाहरुको अल्पकालीन प्रयोग नराम्रो होइन । फेरि मधेश आन्दोलनको रापतापमा आएको संघीयता कार्यान्वयनमा ती संरचनाहरुको प्रयोग आवश्यक पनि थियो । तर प्रदेश सरकार कार्यान्वयनमा आएको दशवर्ष बितिसक्दा पनि आफ्नो स्थायी संरचना निर्माणतर्फ ध्यान नदिइ पुरानै संरचनामाथि रजगज जमाउने प्रवृतिलाई मैथिलीमा भन्ने गरिन्छ-'कयल-धयलपर जय सियाराम...।'

राष्ट्रिय खेलकुद प्रतियोगितामा छनौटहरुलाई सम्मान



टुडे समाचारदाता

जनकपुरधाम । दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा करौंतेतर्फ मधेश प्रदेशबाट छनौट भएकाविद्यार्थीहरुलाईमिटक्याम्पसले सम्मान गर्दै विदाई गरेका छन् ।

शुक्रवार क्याम्पसमा एक कार्यक्रम आयोजना गरी प्रतियोगितामा चयनित विद्यार्थीहरुलाई दोसल्ला ओढाई टिका लगाएर जितको आग्रिम शुभकामना दिदै विद्यार्थी तथा उनका अभिभावकहरुलाई क्याम्पसका संस्थापक प्रिन्सिपल तथा शिक्षकहरुले सम्मान सहित विदाई गरेका छन् ।

करौंते प्रतियोगिताका लागि जुडोतर्फ ५ जना र तेक्वान्दोतर्फ दुई जना छनौट भएको हो । सम्मान पश्चात प्रतियोगितामा सहभागी जुडोका सबै र तेक्वान्दो एकजना मात्र गरी ६ जना विद्यार्थी खेलाडी प्रस्थान गरेका छन् ।

छनौट भएका खेलाडीहरुमा सानवी उप्रेती, मणि कर्णिका पाण्डव, खुशी ठाकुर, श्रृजना राय, आँसु तिवारी र पुरुषोतम भुजेल रहेका छन् ।

सम्मान कार्यक्रमका प्रमुख अतिथि भलिबल राष्ट्रिय खेलाडी एवं मधेश प्रदेश खेलकुद परिषदका प्रशिक्षक भरत यादवले खेललाई एउटा लक्ष्यको रुपमा लिएर अघि बढन भन्दै हौसला बढाएका थिए ।

पूर्वमन्त्री यादवको नाति ठगी आरोपमा पक्राउ

टुडे समाचारदाता

लहान । पूर्वमन्त्री एवं नेकपाका सांसद मातृका प्रसाद यादवका नाति सन्तुलन कुमार यादव ठगीसम्बन्धी कसुरमा पक्राउ परेका छन् । पूर्वमन्त्री यादवकी छोरी संगीता देवी यादवका २५ वर्षीय छोरा सन्तुलनलाई इलाका प्रहरी कार्यालय मिर्चैयाले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार मिर्चैया नगरपालिका-६ निवासी यादवले सोही वडाका अली भन्ने गुलाम गौलेसँग आमा बिरामी रहेको समस्या देखाउँदै पटक-पटक गरी १३ लाख ७० हजार ७सय ५० रुपैयाँ ठगी गरेको जाहेरीको आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनले पीडितबाट खल्ती एप, बैंक ट्रान्सफर तथा नगदमार्फत उक्त रकम लिएको प्रहरीको भनाइ छ । पीडितले गुलाम गौले पटक-पटक रकम फिर्ता माग्दा यादवले आज भोलि भन्दै आश्वासन दिँदै आएको तर हालसम्म रकम फिर्ता नगरेको भन्दै प्रहरीमा उजुरी परेको जनाइएको छ ।

यादवले पीडित गुलामसँग मात्र नभई अन्य धेरैजनासँग लाखौं रकम ठगी गरेको आरोप लागेको छ । प्रहरीले गत आइतबार नै उनलाई पक्राउ गरे पनि राजनीतिक दबाबका कारण पक्राउबारे सार्वजनिक गर्न आनाकानी गरेको स्रोतको दाबी छ । यस विषयमा इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुखसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेशबहादुर पालले भने मिर्चैया प्रहरीले पाँच दिनअघि नै यादवलाई पक्राउ गरे पनि आफूलाई पक्राउसम्बन्धी विवरण आज मात्रै प्राप्त भएको बताए ।

सूचना अधिकारी पालका अनुसार पक्राउ परेका यादवमाथि एकजना व्यक्तिको मात्रै नभई अन्य धेरै व्यक्तिबाट समेत लाखौं रुपैयाँ ठगी गरेको आरोप छ । प्रहरीले उनीविरुद्ध ठगीसम्बन्धी कसुरमा म्याद थप गरी अनुसन्धान गरिरहेको जनाएको छ ।

३० लाख रुपैया खर्चिएका शहीद स्मारक अधुरै

टुडे समाचारदाता

वीरगञ्ज । मधेशी शहीदहरुको बलिदानीलाई जीवन्त राख्ने उद्देश्यले निर्माण भइरहेको स्मारक बेवास्ताको शिकार बनेको छ । ३० लाख रुपैयाँ बजेट विनियोजन गरेर निर्माण थालिएको वीरगञ्जमा निर्माण भइरहेका सहिद स्तम्भ वर्षौंदेखि अधुरै रहेका छन् ।

सहिदको स्मृतिमा बनाइनुपर्ने संरचना नै अलपत्र परेपछि सरकारी प्रतिबद्धता र बजेट खर्चको औचित्यमाथि प्रश्न उठ्न थालेको छ । करीब ८ वर्षदेखि सो स्तम्भ अलपत्र अवस्थामा रहेका छन् ।

२०७२ सालको मधेश आन्दोलनका क्रममा प्रहरीको गोली लागेर वीरगञ्जमा ज्यान गुमाएका पाँच जनाको सामूहिक अन्त्येष्टि गरिएको तिलावे नदी किनारमा तत्कालिन राजपाबाट भौतिक पूर्वाधार विकास मन्त्री बनेका जितेन्द्र सोनलले बजेट निकासा गरेको थिए । त्यसयता कयौं सरकार फेरिए तर शहीद स्तम्भको अधुरा निर्माण पुरा हुन सकेको छैन ।

२०७२ भदौ १९ गते कर्फ्यु र तनावपूर्ण अवस्थाबीच लाखौं आन्दोलनकारीको सहभागितामा पाँचै जना सहिदको धार्मिक विधिअनुसार तिलावे नदी किनारमा सामूहिक अन्त्येष्टि गरिएको थियो । मधेश आन्दोलनको इतिहासमा विशेष महत्त्व राख्ने यही स्थानलाई स्मारकका रूपमा



मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दीले सहिद स्तम्भको शिलान्यास गरेका थिए । संघीयता कार्यान्वयनपछि मधेश आन्दोलनका सहिदको सम्मान र उनीहरूको योगदानको संस्थागत अभिलेखीकरण गर्ने उद्देश्यसहित अघि सारिएको यो योजनालाई त्यतिबेला महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरिएको थियो ।

विकास गर्ने योजना तत्कालीन प्रदेश सरकारले अघि बढाएको थियो ।

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दीले सहिद स्तम्भको शिलान्यास गरेका थिए । संघीयता कार्यान्वयनपछि मधेश आन्दोलनका सहिदको सम्मान र उनीहरूको योगदानको संस्थागत अभिलेखीकरण गर्ने उद्देश्यसहित अघि सारिएको यो योजनालाई त्यतिबेला महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरिएको थियो ।

तत्कालीन मुख्यमन्त्री राउत जनता समाजवादी पार्टी (जसपा) नेपालबाट सरकारको नेतृत्वमा थिए । उनकै कार्यकालमा जसपासँग आबद्ध तथा वीरगञ्ज महानगरपालिका-१७ की तत्कालीन वडाध्यक्ष सुखरानी देवी निकट कृष्णदेव प्रसाद अहिरको अध्यक्षतामा निर्माण कार्य अघि बढाउन उपभोक्ता समिति गठन गरिएको थियो ।

तत्कालीन सहरी विकास तथा भवन कार्यालयमार्फत कार्यान्वयन गरिएको योजनाको नाम 'वीरगञ्ज सहिद स्तम्भ निर्माण कार्य' राखिएको थियो । पूर्वाधार विकास कार्यालय वीरगञ्जका अनुसार उक्त योजनाका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

तर, सहिदको बलिदानलाई स्मरणीय बनाउने भनेर सुरु गरिएको निर्माणले अपेक्षित गति लिन सकेन। शिलान्यास र बजेट विनियोजनपछि पनि स्तम्भले पूर्णता नपाउँदा ऐतिहासिक महत्त्व बोकेको तिलावे नदी किनार व्यवस्थित स्मारक बन्न सकेको छैन।

बजेट खर्च भयो, संरचना अधुरै

सहिद स्तम्भ निर्माणका लागि विनियोजित ३० लाख रुपैयाँमध्ये कति रकम खर्च भयो भन्ने विषय अहिले महत्वपूर्ण प्रश्न बनेको छ । उपभोक्ता समितिमार्फत सञ्चालन गरिएको योजनामा भएको खर्च, निर्माणको वास्तविक प्रगति विवरण सार्वजनिक हुन सकेको छैन भने बाँकी काम पनि पुरा हुन सकेको छैन ।

योजना कार्यान्वयन गर्ने निकाय र निर्माण उपभोक्ता समितिले बजेटको उपयोग, कामको गुणस्तर तथा अधुरो संरचनाको अवस्थाबारे स्पष्ट जानकारी दिनुपर्ने देखिन्छ । निर्माण सम्पन्न भएको दाबी भए त्यसको प्राविधिक मूल्यांकन, भुक्तानी विवरण र हस्तान्तरणको अवस्था पनि सार्वजनिक हुनुपर्छ ।

यस्तै, निर्माणपछि स्तम्भको संरक्षण र व्यवस्थापन कसले गर्ने भन्ने विषयसमेत अन्योलमै देखिन्छ । सहिदको नाममा संरचना बनाउने योजना ल्याउने तर त्यसको दीर्घकालीन संरक्षणमा ध्यान नदिने प्रवृत्तिले यस्ता ऐतिहासिक स्थलको महत्त्व नै कमजोर बनाउने जोखिम छ ।

ठक्कर दिएर भागेका चालक पक्राउ

टुडे समाचारदाता

लहान । साइकलयात्रीलाई ठक्कर दिएर फरार भएका स्कर्पियो चालकलाई सिरहा प्रहरीले तीन दिनपछि सवारीसाधनसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गत मंसिर ८ गते साँझ करिब ६:५५ बजे गोलबजार नगरपालिका-४ निपनिया टोलस्थित पूर्व-पश्चिम राजमार्गमा स्कर्पियोको ठक्करबाट साइकलयात्री बसन्त महराको मृत्यु भएको थियो ।

गोलबजारबाट निपनिया चोकतर्फ जाँदै गरेका करिब ५० वर्षीय महरालाई सिल्भर रंगको स्कर्पियोले ठक्कर दिएर फरार भएको थियो । गम्भीर घाइते भएका महराको गोलबजार हेल्थकेयरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनापछि अनुसन्धानमा जुटेको प्रहरीले ठक्कर दिने बा.प्र.०१-०२५ च ७३९६ नम्बरको स्कर्पियो पहिचान गरेको थियो । सोही क्रममा प्रहरीले स्कर्पियो चालक सिरहाको मिर्चैया नगरपालिका-४ बाह्नबिघाका करिब ४२ वर्षीय बिहारी महरालाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय गोलबजार र इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको संयुक्त प्रहरी टोलीले मंसिर १० गते बिहान करिब १०:५० बजे धनगढीमाई नगरपालिका-९ जिरोमाइलस्थित एक घरमा स्कर्पियो लुकाईछिपाइ राखिएको अवस्थामा फेला परेको थियो । स्कर्पियोसहित



चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

- हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं साँस्कृतिक स्थलहरुको भ्रमण गरौं,
- होमस्टे, रैथाने खाना र स्थानीय संस्कृतिको प्रवर्द्धन गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८